आज मिति २०८४ साल श्रावण १८ गतेका दिन यस हरिनास गाउँपालिकाका अध्यक्ष श्री खिननारायण मानन्धर अध्यक्षताका कार्यपालिकाको बैठक बसी तपसिल अनुसारको प्रस्तावहरु माथी छलफल गरी निर्णय गरियो ।

तपसिल:

अध्यक्ष श्री खिननारायण मानन्धर
उपाध्यक्ष श्री कृत माया पराजुली
वडा नं १ अध्यक्ष :- श्री मिन बहादुर गुरुङ
वडा नं २ " :- श्री परशुराम सिग्देल
वडा नं ३ " :- श्री लोक बहादुर क्षेत्री
वडा नं ४ " :- श्री चिन्तामणी शर्मा
वडा नं ५ " :- श्री डम्बर बहादुर राना
वडा नं ६ " :- श्री नर बहादुर थापा
वडा नं ७ " :- श्री केश माया थापा
सदस्य :- श्री उर्मिला नेपाली कर्मी
" श्री हिम माया थापा
" श्री धन माया राना
" श्री पुरन बि० नेपाली
" श्री महेन्द्र बि० गोताने
" श्री रेखा वि.क.
सदस्य सचिव श्री नविन अधिकारी
श्री विदुर सिग्देल

अन्य उपस्थिति:

श्री मिन प्रसाद बस्नेत (वास सल्लाहकार RWSSPWN)
श्री थम राज जोशी (वास-संयोजक हरिनास गा.पा)
श्री पुरन बली (W.S.P सहजकर्ता RWSSPWN)
श्री जुना देवी राना (वास-सहजकर्ता हरिनास गा.पा)
श्री सन्त बि० थापा (स्वकिय-सचिव)
श्री भगिरथ पौडेल (नि. मु.)
श्री मनोज पोखरेल (लेखापाल)
श्री सुदर्शन भण्डारी (IT officer)
श्री भीमाया राना (का. स.)

प्रस्तावहरु

प्रस्ताव नं १:- खानेपानी सरसफाइ तथा स्वच्छता योजना कार्यान्वयन का लागी गाउँपालिकाको निति तथा प्राथमिकता सम्बन्धमा

प्रस्ताव नं २:- योजना तथा क्रियाकलापहरुको प्राथमिकिकरण सम्बन्धमा

प्रस्ताव नं ३:- सरसफाइ तथा स्वच्छताको प्रवर्द्धनात्मक क्रियाकलापहरुको कार्यान्वयन सम्बन्धमा ।

प्रस्ताव नं ४:- गाउँपालिका स्तर तथा समुदायस्तरका क्षमता विकास तालिमहरु सम्बन्धमा ।

प्रस्ताव नं ५:- धन्यवाद ज्ञापन सम्बन्धमा ।

प्रस्ताव नं १ माथी छलफल गर्दा यस ह्रसिास गाउँपालिकाले खानेपानी सरसफाइ तथा स्वच्छता योजना कार्यान्वयन का लागी तपसिल बमोजीमका निति तथा प्राथमिकता हरु तयार गरेको छ ।

**खानेपानी सरसफाई तथा स्वच्छता योजना कार्यान्वयनका लागि गाउँपालिकाको नीति तथा प्राथमिकता :**

१)सन २०२८ सम्म सबै घरधुरीको लागि सुरक्षित खानेपानी र सुरक्षित सरसफाई को लक्ष्य हासिल गर्ने ।

२)हरिनास गाउपालिका को वास योजना सफल पार्नको लागि गाउँपालिकाको आफ्नो श्रोत परिचालन ले मात्र समय मै अपेक्षित प्रतिफल नसक्ने भएकोले सहयोगको लागि संघिय तथा गण्डकी प्रदेश सरकार, दातृनिकाय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्था तथा अन्य सरोकारवालासम्बद्ध पक्ष लाई अनुरोध गर्ने निर्णय गरियो ॥

३)वास को क्षेत्रमा यस हरिनास गाउँपालिका भित्र काम गर्ने सबै सरकारी तथा गैरसरकारी निकाय,दातृ संस्थाका कार्यक्रम हरु यस वास योजनाले निर्दिष्टगरेबमोजिमका प्रथामिकताका आधारमा मात्र संचालन गर्ने/गराउने व्यवस्था लागु गर्ने ।

४)निर्माण सम्पन्न भएका तथानिर्माणाधिन योजना हरुमा निर्माण लागतको कम्तिमा १% ले हुन आउने बराबरको मर्मतसम्भार कोष स्थापना गर्न अनिवार्य गर्ने र सो कोष ब्यबस्थापन तथा परिचालनमा गाउँपालिकाले बर्षमा कम्तिमा एकपटक अनुगमन गर्ने र आवश्यकता अनुसार सल्लाह सुझाब तथा निर्देशन दिने ।

५) गाउँपालिका तहमा खानेपानी योजनाको दिगोपना तथा कार्यक्षमता/सुचारुपन मासहयोग गर्न एउटा खानेपानी तथा सरसफाई मर्मतसम्भार कोष खडा गर्ने । सो कोषमा प्रत्यक आर्थिक बर्षमा रु २०००००० /- अक्षरुपि बिस लाख बिनियोजन गर्ने, कार्यपालिका बैठकको निर्णय अनुसार ४०%उपभोक्ता समितिको तर्फ बाट नगद साझेदारी रहने गरि ६०% अनुदान सो कोष बाट प्रदान गरि योजनाको मर्मत तथा पुननिर्माण सेवा बिस्तार र सुबिधास्तर सुधारको लागी सहयोग गर्ने ।

६)खानेपानीका मुलहरु तथा अन्य श्रोतहरु संरक्षण को लागि पुनर्भरण पोखरी तथा अन्य संरचनाहरु ,वृक्षारोपण, प्रकोप जोखिम न्यूनीकरण का लागि आवश्यक संरचनाहरु निर्माण कार्यलाई बढवा दिने र बजेट बिनियोजन गर्ने ।

७)बाटो निर्माण तथा अन्य विकास निर्माणकाकार्यहरु संचालन गर्दा पानीका श्रोतहरुमा पर्न सक्ने नकारात्मक प्रभावलाइ मध्यनजर गरि क्रियाकलाप संचालन गर्ने ।

८)परापूर्वकालदेखि गाउँपालिकामा रहेको पोखरीहरु मासिएको भए पुननिर्माण गर्न प्रेरित गर्ने र भएका पोखरी हरुको संरक्षण तथा सुधार गर्ने ।

९)सरसफाई तथा स्वच्छताको प्रबर्द्धनात्मक क्रियाकलाप हरुको कार्यान्वयन र नियमित अनुगमन गर्ने ।

१०)गाउँपालिका भित्र रहेका बिध्यालय, संस्था हरु र सार्बजनिक स्थलहरुमा सुरक्षित खानेपानी तथा सरसफाई को ब्यबस्था गर्ने ।

११)गाउँपालिका भित्र संचालन गरिने वास सम्बन्धी निर्माण तथा अन्य क्रियाकलाप संचालन गर्न प्रयोगकर्ता मैत्री संरचना निर्माण र लैंगिक समानता तथा सामाजिक समावेशीकरण काबिषय सम्बोधन गर्ने ।

१२)यो योजना लागु भैसकेपछि निर्माण हुने खानेपानी योजनाहरुको कार्यान्वयन गर्दा एक घर एक धारा को नीति लागु गर्ने ।

१३)समुदाय वा बस्ती नजिक रहेका भरपर्दा पानीका श्रोतहरुको संरक्षण गर्ने ।

१४)सन २०२८/आर्थिक बर्ष२०८४/०८५ भित्र हरिनास गाउँपालिका लाई पूर्ण सरसफाई युक्त गाउँपालिका बनाउने।

१५)वास क्षेत्रमायस गाउँपालिका अन्तर्गत काम गर्ने सबै सरकारी तथा गैरसरकारी निकायहरुले गरेको कामको चौमासिक रुपमा गाउँपालिकामा प्रतिबेदन पेश अनिवार्य रुपमा गर्नु पर्ने।

१६)गाउँपालिका वास समन्वय समितिको बैठक २ महिनामा १ पटक नियमित रुपमा बसी समन्वय योजना तथा समीक्षा जस्ता कार्यलाई प्रभाबकारी बनाउने।

१७)गाउँपालिका भित्रका सबै खानेपानी योजना हरुमा खानेपानी सुरक्षा योजना लागु गर्ने।

१८)गाउँपालिका भित्रका सबै खानेपानी तथा सरसफाई समितिहरु गाउँपालिकामा दर्ता गरि दर्ताको प्रमाणपत्र दिने र सो को अभिलेख राख्ने।

१९)गाउँपालिका अन्तर्गत वासयोजनाकार्यान्वयनको निम्ति योजना तर्जुमा, वास योजनाको बजारीकरण, विभिन्न सरकारी तथा गैरसरकारी निकाय संग समन्वय र साझेदारी गर्न, वास सम्बन्धीविभिन्न कार्यक्रम/क्रियाकलाप संचालन, अनुगमन, सहजीकरण,सूचनातथा अभिलेख ब्यबस्थापनरगाउँपालिका वास समन्वय समितिको सचिवालय रुपमा काम गर्ने गरि स्थापित वास इकाईलाई निरन्तरता दिने निर्णय गरियो।

२०)खानेपानी योजनाहरुको डिजाइन तथा कार्यान्वयन गर्दा पानीको वहु प्रयोग लाई जोड दिदै साना सिंचाई कृषि जस्ता बिषयहरुएकीकृत गरेर वास कार्यक्रम लाई जीविकोपार्जन संगै जोडेर संचालन गर्ने।

२१)वास क्रियाकलापहरु संचालन गर्दा स्वास्थ्य, शिक्षा, कृषि, बन, सहकारी, भू-संरक्षण मा काम गर्ने निकाय तथा शाखाहरु संग समन्वय गरि एकीकृत रुपमा कार्यक्रम संचालन गरि कार्यक्रमको प्रभाबकारीता बढाउने।

२२)वास योजनाको तर्जुमा कार्यान्वयन र अनुगमन तथा मूल्यांकन माआम उपभोक्ता र सम्बद्ध सबै सरोकारवाला ब्यक्ति तथा निकायहरुको अर्थपूर्ण सहभागितालाई सुनिश्चितता गर्ने। पछाडि पारिएका गरिव, वर्ग तथा समुदाय र महिलाहरुलाई वास कार्यक्रममा मूलप्रवाहीकरण गर्ने।

प्रस्ताव नं २ माथी छलफल गर्दा यस इसमा गाउपालिकाले खानेपानी तथा सरसफाइ योजनाका क्रियाकलापहरुमा तपसिल बमोजिम प्राथमिकिकरण गर्ने निर्णय गरेको छ।

# योजना तथा क्रियाकलापहरु को प्रथामिकिकरण

## १. खानेपानीतथा सरसफाई योजनाहरु (नयाँ)

| प्रा.क्रम | क्रियाकलाप/योजना | वार्ड.नं | टोल | घरधुरीसंख्या | योजना को प्रकार |
|---|---|---|---|---|---|
| १ | तल्लो चिल्लाहरी खा.पा.तथा सरसफाई योजना | ५ | मास्की मगर गाउँ | १२ | ग्याभिटी |
| २ | खहरे खा.पा.तथा सरसफाई योजना | २ | खहरे | ४२ | ग्याभिटी |
| ३ | धड्याँन ठुलो गैरा खा.पा.तथा सरसफाई योजना | ५ | कमन्ते | २३ | ग्याभिटी |
| ४ | बगर खा.पा.तथा सरसफाई योजना | ४ | बगर | ११ | ग्याभिटी |
| ५ | झंगझंग खोला खा.पा.तथा सरसफाई योजना | ४ | ढुंगेठाटी खण्ड र गाउँपालिका केन्द्र | ८४ | लिफ्ट |
| ६ | सालडाँडा हटिया खा.पा.तथा सरसफाई योजना | १ | जामुने | ६० | ग्याभिटी |
| ७ | .पा.तथा सरसफाई योजना (कथुरे गैरा खा.पा. तथा स.यो.) | २ | हटिया प्यारसिंह | ६२ | लिफ्ट |
| ८ | कटहरे खा.पा.तथा सरसफाई योजना | ६ | कटहरे | ४ | ग्याभिटी |
| ९ | जामुने खा.पा.तथा सरसफाई योजना | १ | सालडाँडा हटिया | ८६ | ग्याभिटी |
| १० | फौदीखोला खा.पा.तथा सरसफाई योजना | ७ | चांगसिंह | १३ | ग्याभिटी |
| ११ | कलवादेउराली पुतालिगैरा खा.पा.तथा सरसफाई योजना | ५ | कलवा,देउराली पुतालिगैरा,कुरुम्फा | १०५ | ग्याभिटी |
| १२ | ग्याब्दी झ्यापुनडाँडा खा.पा.तथा सरसफाई योजना | २ | झ्यापुनडाँडा | २० | ग्याभिटी |
| १३ | बिसिघर सानाकान्ला खा.पा.तथा सरसफाई योजना | ३ | पुछौदी मुसिनडाँडा | १३ | ग्याभिटी |
| १४ | गुर्जापधेरा गाउँ खा.पा.तथा सरसफाई योजना | २ | गुर्जा | १८ | लिफ्ट |
| १५ | ठुलोपधेरा लामडाँडा खा.पा.तथा सरसफाई योजना | ५ | लामडाँडा | ९ | ग्याभिटी |
| १६ | सितलीखोला खा.पा.तथा सरसफाई योजना | १ | सितली टोल | ६४ | ग्याभिटी |

| | | | | | |
|---|---|---|---|---|---|
| १७ | थुम्की खा.पा.तथा सरसफाई योजना | ५ | थुम्की | ९ | ग्र्याभिटी |
| १८ | धैरेनी खा.पा.तथा सरसफाई योजना | ५ | धैरेनी | १० | ग्र्याभिटी |
| १९ | मझुवाभोक भोके खा.पा.तथा सरसफाई योजना | ५ | मझुवा | ८ | ग्र्याभिटी |
| २० | घ्याउस्वारा तुरतुरे खा.पा.तथा सरसफाई योजना | ५ | घ्याउस्वारा | १२ | ग्र्याभिटी |
| २१ | भुसुनथोक खा.पा.तथा सरसफाई योजना | ६ | भुसुनथोक | ६ | ग्र्याभिटी |
| २२ | छब्दीकुना खा.पा.तथा सरसफाई योजना | ७ | छब्दीकुना | ७ | ग्र्याभिटी |
| २३ | बाहुंडी खा.पा.तथा सरसफाई योजना | ४ | बाहुंडी खुम्बारी | १२० | लिफ्ट |
| २४ | दारेगौंडा खा.पा.तथा सरसफाई योजना | ४ | दारेगौंडा,छिपुंग | २८ | ग्र्याभिटी |
| २५ | महामानी खातीगाउँ खा.पा.तथा सरसफाई योजना | १ | खातीगाउँ ,वार्ड कार्यालय | १२ | ग्र्याभिटी |
| २६ | बगरकुना खा.पा.तथा सरसफाई योजना | १ | बगरकुना | १४ | ग्र्याभिटी |
| २७ | डांडागाउँ खा.पा.तथा सरसफाई योजना | १ | डांडागाउँ | ४ | ग्र्याभिटी |
| २८ | जामुने देउराली खा.पा.तथा सरसफाई योजना | २ | जामुने देउराली | २२ | ग्र्याभिटी |
| २९ | छाक्रा खा.पा.तथा सरसफाई योजना | ३ | छाक्रा | २५ | ग्र्याभिटी |
| ३० | चिलारे बसन्डाँडा खा.पा.तथा सरसफाई योजना | ५ | बसनडाँडा | ३४ | ग्र्याभिटी |
| ३१ | भुरुङसिंह खा.पा.तथा सरसफाई योजना | ५ | भुरुङसिंह | २७ | ग्र्याभिटी |
| ३२ | बजादी खा.पा.तथा सरसफाई योजना | ६ | ढेंगाछाप | २८ | ग्र्याभिटी |
| ३३ | दन्दुर गैरिथोक खा.पा.तथा सरसफाई योजना | ७ | गैरिथोक | ११ | ग्र्याभिटी |

२. खानेपानी तथा सरसफाई योजनाहरु :(मर्मत,पुननिर्माण ,बिस्तार तथा सुबिधास्तर सुधार

| प्रा.क्रम | क्रियाकलापु /योजुना | वार्ड.नं | टोल | घरधुरी | योजना प्रकार |
|---|---|---|---|---|---|
| १. | कुम्दी खानेपानी तथा सरसफाइ योजना | ३ | कुम्दी, ललटी | २३ | ग्याभिटी |
| २. | बडहरे थाले खानेपानी तथा सरसफाइ योजना | ३. | बडहरे ढाका | २० | ग्याभिटी |
| ३. | गिजल्तीस खानेपानी तथा सरसफाइ योजना | ५ | गिजल्तीस | ९ | ग्याभिटी |
| ४. | आग्रीडाडा केलापुर खानेपानी तथा सरसफाइ योजना | ५ | आग्रिडाडा, केलापुर | २८ | ग्याभिटी |
| ५. | नयावजार चिसापानी कुशिफाडा खा.पा तथा स. योजना | २. | चिसापानी | ५५ | ग्याभिटी |
| ६. | खेरिकोट खानेपानी तथा सरसफाइ योजना | १ | खेरिकोट | ९८ | लिफ्टङ्ग |
| ७. | सिम्लेखारा खानेपानी तथा सरसफाइ योजना | १ | सिम्लेखारा | ११० | ग्रयभिटी |
| ८. | नकिचारा साउतेपानी खानेपानी तथा सरसफाइ योजना | ३ | आठविसे | १८ | ग्याभिटी |
| ९. | गुह्नापुर खानेपानी तथा सरसफाइ योजना | ३ | आठविसे | १२ | ग्याभिटी |
| १०. | चरीपानी खानेपानी तथा सरसफाइ योजना | ३ | चुडकुना | १६ | ग्याभिटी |
| ११. | टारा खानेपानी तथा सरसफाइ योजना | २ | टारा | २५ | ग्याभिटी |
| १२. | फेदी चापगौरा खानेपानी तथा सरसफाइ योजना | २ | फेदी | १० | ग्याभिटी |
| १३. | टापु गाठे खानेपानी तथा सरसफाइ योजना | ५ | टापु | १४ | ग्याभिटी |
| १४. | कोटली ढकेली खानेपानी तथा सरसफाइ योजना | ५ | कोटली | २९ | ग्याभिटी |
| १५. | तर्केनी माथिल्लो टड्थाङु खानेपानी तथा सरसफाइ योजना | ५ | तर्केनी | १६ | ग्याभिटी |
| १६. | आचुमारा खानेपानी तथा सरसफाइ योजना | ३ | आचुमारा | १४ | ग्याभिटी |
| १७. | सुगुरे खानेपानी तथा सरसफाइ योजना | ६ | सुगुरे | १८ | ग्याभिटी |
| १८ | कदमगौरा खानेपानी तथा सरसफाइ योजना | ६ | कदमगौरा | २० | ग्याभिटी |
| १९. | चारापानी खानेपानी तथा सरसफाइ योजना | ३ | चारापानी | १२ | ग्याभिटी |
| २०. | डाडाखोली सरनडाडा लावनचोक खानेपानी तथा स. योजना | ६ | सरनडाडा, लावनचोक | ३५ | वि. लिफट |
| २१. | आठविसे खानेपानी तथा सरसफाइ योजना | ३ | सहेले | १३ | ग्याभिटी |
| २२. | जगतथान खानेपानी तथा सरसफाइ योजना | ६ | जगतथान | ६१ | वि. लिफट |

# जलवायु परिवर्तन अनुकलन तथा प्रकोप जोखिम न्यूनीकरण

| प्रा.क्रम | क्रियाकलाप | वार्ड.नं | टोल |
|---|---|---|---|
| १ | धरमपानी पुनर्भरणपोखरी निर्माण | ४ | |
| २ | सिम्लेस्वारा ग्याबिन वाल निर्माण | १ | |
| ३ | गैरिस्वारा खा पा यो पुनर्भरणपोखरी निर्माण | २ | |
| ४ | धुपडाँडा ललहि पुनर्भरणपोखरी निर्माण | ३ | |
| ५ | प्यारसिंह सिलिंग पुनर्भरणपोखरी निर्माण | २ | |
| ६ | रात पुनर्भरणपोखरी निर्माण माते | ६ | |
| ७ | थुम्को डांडा पुनर्भरणपोखरी निर्माण | ५ | |
| ८ | कोइराले खा.पा.यो पुनर्भरणपोखरी निर्माण | ७ | |
| | | | |

२.खानेपानीतथा सरसफाई योजनाहरु :(मर्मत/पुननिर्माण / सुबिधास्तार / सुबिधास्तर सुधार तर्फ)

| प्रा.क्रम | क्रियाकलाप/योजना | वार्ड.नं | टोल | घरधुरी | योजनाको प्रकार |
|---|---|---|---|---|---|
| २३ | तल्लो बाहुण्डी खा.पा.तथा सरसफाई योजना | ६ | बाहुण्डी | १८ | ग्र्याभिटी |
| २४ | सरगाउदी खा.पा.तथा सरसफाई योजना | ७ | लिंग्दीस्वरा | २० | ग्र्याभिटी |
| २५ | बिरौटा वालिंगबारी खा.पा.तथा सरसफाई योजना | ७ | बिरौटा | ३ | ग्र्याभिटी |
| २६ | झरल्यांग्दी पोखरीछाप खा.पा.तथा सरसफाई योजना | ६ | पोखरीछाप | १० | ग्र्याभिटी |
| २७ | चापपानि देवीडाँडा खा.पा.तथा सरसफाई योजना | ७ | चापपानी | १७ | ग्र्याभिटी |
| २८ | पांग्राङ्याल खा.पा.तथा सरसफाई योजना | ७ | चांगसिंह | १३ | ग्र्याभिटी |
| २९ | खहरे खा.पा.तथा सरसफाई योजना | ७ | चांगसिंह | ९ | ग्र्याभिटी |
| ३० | दुन्दुरगैराथोक खा.पा.तथा सरसफाई योजना | ७ | गैराथोक | ८ | ग्र्याभिटी |
| ३१ | रोक्दी खा.पा.तथा सरसफाई योजना | ७ | रोक्दी | १२ | ग्र्याभिटी |
| ३२ | पुजारीगाउँ डिही खा.पा.तथा सरसफाई योजना | ७ | पुजारी गाउँ | ११ | ग्र्याभिटी |

# श्रोत संरक्षण

| प्रा.क्रम | क्रियाकलाप /योजना | वडा नं |
|---|---|---|
| १ | पुछौंदी कुवा मर्मत | ३ |
| २ | गैरिस्वरा बिरुवा पधेरा मर्मत | २ |
| ३ | फरेदफेदी गाहाथर कुवा मर्मत | ७ |
| ४ | दमन्ती कुवा मर्मत | ७ |
| ५ | तुरतुरे कुवा मर्मत | ७ |
| ६ | कमिरे पनि कुवा मर्मत | ७ |

प्रस्ताव नं ४ माथी छलफल गर्दा यस हरिनास गाउपालिकाले गाउपालिका तथा समुदाय स्तरका सरसफाइ तथा स्वच्छताको प्रवर्द्धनात्मक क्रियाकलापहरु कार्यान्वयनका लागी दिगो विकास लक्ष्य (SDG) को परिभाषा अनुसार अगाडी बढ्ने निर्णय गर्नुका साथै यस हरिनास गाउँपालिकालाइ सन २०३० भित्र पूर्ण सरसफाइ युक्त गाउपालिका बनाउने निर्णय गरियो।

## सरसफाई तथा स्वच्छताको प्रबर्द्धनात्मक क्रियाकलाप हरुको कार्यान्वयन

खुला दिसा मुक्त घोषणा गर्नुनै पूर्ण सरसफाई का लागि प्रवेस बिन्दु हो। हरिनास गाउँपालिका मा सरसफाई का सेवाहरु दिगो विकास लक्ष्य (SDG)को परिभाषा अनुसार हेर्ने हो भने कुनै पनि डबल पिट भएका सौचालय हरु नरहेको अवस्थामा,अझै पनि तथ्यांक ले १२० घरधुरीहरु मा सौचालय नरहेको र साचिकै खुला दिसा मुक्त हुन अझै काम गर्न बाकि रहेको अवस्था मा यस गाउँपालिका लाइ पूर्ण सरसफाई युक्त गाउँपालिका बनाउन यस गाउँपालिका ले खानेपानी सरसफाई तथा स्वच्छता योजना कार्यान्वयनका लागि आफ्नो गाउँपालिका को नीति तथा प्राथमिकता तयार गरि सरसफाई तथा स्वच्छता को क्षेत्रमा सबै सरकारी ,गैरसरकारी निकाय ,दात्रि संस्था तथा अन्य सरोकार वाला हरु संग समन्वयगरि र बिभिन्न किसिमका जनचेतना तथा क्षमता विकास का क्रियाकलाप हरु संचालन गरि सन् २०३० सम्म यस गाउँपालिका लै पूर्ण सरसफाई युक्त गाउँपालिका बनाउने लक्ष्य अनुसार आवश्यक पर्ने श्रोत तथा साधन हरु जुटाई सरसफाई तथा स्वच्छताको प्रबर्द्धनात्मक क्रियाकलाप हरुको कार्यान्वयन को लागि अगाडी बढ्ने निर्णय गरेको छ।

प्रस्ताव नं ४ माथी छलफल गर्दा यस हसिमा गाउँपालिका को जनताहरुलाई गाउँपालिका स्तर तथा समुदाय स्तरमा गई विभिन्न किसिमका तालिमहरु जस्तै पम्प अपरेटर तालिम, मर्मत सम्भार कार्यकर्ता तालिम, लैङ्गिक समानता तथा सामाजीक समावेशीकरण तालिम, खानेपानी सुरक्षा योजना, लेखा व्यवस्था - पन जस्ता तालिमहरु प्रदान गरी उनीहरुको क्षमता विकास गर्नुका साथै आर्थीक रुपमा अगाडी बढाउने निर्णय गरियो।

प्रस्ताव नं ५ माथी छलफल गर्दा यस हसिमा गाउँपालिका को खानेपानी सरसफाइ तथा स्वच्छता योजना तयार गर्न सहयोग गर्ने सम्पूर्ण निकायहरुलाई धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

अन्तत यस कार्यपालिका बैठकमा उपस्थित सम्पूर्ण लाई धन्यवाद दिदै अध्यक्ष बाट बैठक समापत गरियो ।